**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

- उपराष्ट्रपति सी.पी. राधाकृष्णन आफ्नो दुइ दिवसीय भ्रमणमा आज सेशेल्स को नवनिर्वाचित राष्ट्रपति डॉ. पैट्रिक हर्मिनी को शपथ ग्रहण समारोह मा शामेल हुनेछन्।

- प्रधानमंत्री नरेंद्र मोदीले आज 22 औ आसियान-भारत शिखर सम्मेलन मा वर्चुअल माध्यमबाट भाग लिनुहुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणी बाट मन की बात कार्यक्रम मा देश-विदेशका मानिसहरुसित सित आफ्नो विचार साझा गर्नुहुनेछ।

- आज छठ महापर्वको दोस्रो दिन है। यसलाई **खरना** पनि भनिन्छ।

- बंगालको खाड़ी मा बनेको दबाव भोलि बिहान चक्रवात मा परिवर्तित हुन सक्नेछ।

**उपराष्ट्रपति सेशेल्स दौरा**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आफ्नो दुइ दिवसीय भ्रमणमा आज सेशेल्स को नवनिर्वाचित राष्ट्रपति डॉ. पैट्रिक हर्मिनी को शपथ ग्रहण समारोह मा शामेल हुनेछन्। विदेश मंत्रालयको एउटा बयानमा भनिएको छ कि यस यात्रा को अवधि, उपराष्ट्रपतिले डॉ. हर्मिनीलाई भारतको तर्फबाट शुभकामना दिनुहुनेछ अनि दुवै देश बीच घनिष्ठ अनि दीर्घकालिक संबंधहरुको पुष्टि गर्नुहुनेछ। भारतको विजन 'महासागर' अंतर्गत सेशेल्स एक महत्वपूर्ण साझेदार हो। यस यात्राले सेशेल्स सित आफ्नो साझेदारी लाई मजबूत अनि विस्तारित गर्ने भारत को गहिरो प्रतिबद्धतालाई रेखांकित गर्दछ।

**प्रधानमंत्री-आसियान**

प्रधान मन्त्री नरेन्द्र मोदी आज भर्चुअल माध्यमबाट २२औँ आसियान-भारत शिखर सम्मेलनमा भाग लिनुहुनेछ । विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'प्रधान मन्त्री मोदी र आसियानका नेताहरूले संयुक्त रूपमा आसियान-भारत सम्बन्धमा प्रगतिको समीक्षा गर्नुहुनेछ र व्यापक रणनीतिक साझेदारीलाई सुदृढ पार्ने पहलहरूबारे छलफल गर्नुहुनेछ। मन्त्रालयले भनेको छ, आसियानसँगको सम्बन्धलाई सुदृढ पार्नु भारतको एक्ट ईस्ट नीति र इन्डो-प्यासिफिक भिजनको एक प्रमुख स्तम्भ हो। विदेशमन्त्री डा. जयशंकरले अक्टोबर २७ मा क्वालालम्पुरमा हुने २० औं पूर्वी एसिया शिखर सम्मेलनमा भारतको प्रतिनिधित्व गर्नुहुनेछ । पूर्वी एसिया शिखर सम्मेलनले हिन्द–प्रशान्त क्षेत्रको शान्ति, स्थिरता र समृद्धिका चुनौतीबारे छलफल गर्ने र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विकासबारे विचार आदानप्रदान गर्ने अवसर प्रदान गर्नेछ ।

**छठ - खरना**

आज छठ पर्वको दोस्रो दिन हो, जसलाई खरना भनिन्छ। यस दिन भक्तजनहरूले सूर्योदयदेखि सूर्यास्तसम्म निर्जल व्रत बस्छन्। सूर्यास्तमा सूर्य देवलाई प्रार्थना गरेपछि मात्र व्रत तोडिन्छ। चार दिने छठ पूजा हिज नुहाई -खुवाईसँग सुरु भयो। सूर्य देव र उनकी बहिनी छठी मैयाको पूजामा समर्पित यो पर्व पवित्रता, कृतज्ञता र कल्याणको प्रतीक हो।प्रधानमन्त्री नरेन्द्र मोदीले छठ पर्वको अवसरमा भक्तहरूलाई शुभकामना व्यक्त गर्नु भएकोछ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले सबै भक्तहरूको अटल भक्तिलाई

श्रद्धाञ्जली अर्पण  गर्नुभयो। यस अवसरमा प्रधानमन्त्रीले छठी मैयालाई समर्पित भक्तिगीत पनि साझा गर्नुभयो। प्रधानमन्त्रीले प्रार्थना गर्नुभयो कि छठी मैयाले सबैमाथि आफ्नो अटल आशीर्वाद बर्साइरहून्।

**त्योहारी सीज़न में रेलगाड़ियाँ**

त्योहारहरुको यस सीज़न मा हाल सम्म 1 करोड़ ५०लाख भन्दा अधिक यात्री रेलगाड़ीहरुले यात्रा गरिसकेका छन्। रेल मंत्रालयले एउटा बयानमा भनेको छ कि त्योहारहरुको अंत सम्ममा यो संख्या 2 करोड़ ५० लाख भन्दा अधिक हुने अनुमान रहेको छ। बिहार अनि उत्तर प्रदेशका वरिपरिका तीस प्रमुख रेलवे स्टेशनहरुमा भीड़ प्रबंधनलाई सुचारू बनाउनकालागि ठुलो होल्डिंग एरिया बनाइएको छ। मंत्रालय अनुसार हालका वर्षहरुमा रेलवे को बुनियादी ढाँचामा भएको महत्वपूर्ण निवेशद्वारा उल्लेखनीय प्रगति भएको छ। विशेष ट्रेनहरुको संख्या, अब रेकॉर्ड तोड़ संख्या सम्म पुगेको छ। रेलवे लाइनहरुको निर्माणमा पनि उल्लेखनीय वृद्धि भएको छ, जुन लगभग एक दशक अघि प्रति वर्ष केवल 400 देखि 600 किलोमीटर देखि बढ़ेर आज 4,000 किलोमीटर प्रति वर्ष भन्दा पनि अधिक पुगेको छ। रेलवे कर्मचारी यात्रीहरुको सहायता अनि व्यवस्था बनाए राख्नेको लागि चौबीसों घंटा काम गरिरहेका छन् जसद्वारा त्योहारहरुको अवधि सबै सुरक्षित घर पुग्न सकोस्। रेलवेले छठ पूजाको अवधि यात्रीहरुका अधिकतम संख्यालाई सुचारू रुपले संभालनकोलागि व्यवस्थाहरुलाई अझ सशक्त बनाएको छ। बिहारका स्टेशनहरुलाई त्योहारको अवधि भीड़को लागि होल्डिंग एरिया, अतिरिक्त टिकट काउंटर, सीसीटीवी निगरानी अनि यात्रीहरुका सुविधा बढ़ाउनकालागि अन्य सुविधाहरुसाथै तैयार गरिएको छ। पटना रेलवे स्टेशनमा यात्रीहरुको सुविधा को लागि एक समर्पित होल्डिंग एरिया बनाइएको छ। सुरक्षा सुनिश्चित गर्नकालागि सीसीटीवीको माध्यमबाट चौबीसों घंटा निगरानी पनि राखिन्दैछ।

**प्रधानमंत्री - उत्तर प्रदेश मुख्यमंत्री**

उत्तर प्रदेश के मुख्यमंत्री योगी आदित्यनाथले दिल्लीमा प्रधानमंत्री नरेन्द्र मोदी संग भेटघाट गर्नुभयो। मुख्यमंत्री योगीले उपराष्ट्रपति सी.पी. राधाकृष्णन संग पनि बातचित गर्नु भयो।

**शिवराज-किसान**

केंद्रीय कृषि मंत्री शिवराज सिंह चौहानले प्रधानमंत्री धन धान्य कृषि योजना मा तमिलनाडु को रामनाथपुरम, शिवगंगा, थूथुकुडी अनि विरुधुनगर जिला शामेल रहेको बताउनुभएको छ। वेल्लोर मा हिज किसानहरुसित कुराकानी गर्नुहुँदै उहाँले भन्नुभयो कि यस परियोजना अन्तर्गत किसानहरुलाई व्यापक लाभ पुर्याउनकालागि 36 योजनाहरुलाई एकीकृत गरिन्दैछ।     कृषि मंत्रीले चार सहभागी कृषि विज्ञान केंद्रहरुका प्रमुखहरुसित योजनाको प्रगतिको समीक्षा गर्नुभयो। उहाँले प्राकृतिक कृषि पद्धतिहरु अनि राष्ट्रीय दलहन मिशनमाथि जोड़ दिनुभयो, जसमा प्रधानमंत्री नरेंद्र मोदीको देशलाई दालहरु उत्पादन मा आत्मनिर्भर बनाउने दृष्टिकोणको वर्णन गरिएको छ।

बाइट

**प्रधानमन्त्री - मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजे अल इन्डिया रेडियोमा "मन की बात" कार्यक्रममा भारत र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १२७ औं एपिसोड हुनेछ। यो कार्यक्रम सम्पूर्ण अल इन्डिया रेडियो र दूरदर्शन नेटवर्क, अल इन्डिया रेडियो समाचार वेबसाइट र न्यूजअनएयर मोबाइल एपमा प्रसारित हुनेछ। यो अल इन्डिया रेडियो समाचार, डीडी समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारण पछि अल इन्डिया रेडियोले क्षेत्रीय भाषाहरूमा  पनि कार्यक्रम प्रसारण गर्नेछ।

**GST सुधारहरू - स्वास्थ्य सेवा**

नरेन्द्र मोदी सरकारले धेरै क्षेत्रहरूमा GST दरहरू घटाएसँगै, GST बचत महोत्सव सेप्टेम्बर २२ मा सुरु भयो। यसले देशभरिका नागरिकहरूलाई फाइदा पुऱ्याइरहेको छ। यस शृङ्खलामा, हामी यी GST सुधारहरूले स्वास्थ्य सेवा क्षेत्रमा नागरिकहरूलाई ल्याएको फाइदाहरूको बारेमा छलफल गर्दैछौं।

**चक्रवात**

बंगालको खाड़ी मा बनेको दबाव भोलि बिहान चक्रवात मा परिवर्तित हुन सक्नेछ। मौसम विभाग अनुसार चक्रवात मोन्था आगामी मंगलवार बेलुकी अथवा राती आंध्र प्रदेश को तटीय क्षेत्र काकीनाडा नजिक एउटा भीषण चक्रवाती तूफानको रुपमा पुग्ने संभावना रहेको छ। यसद्वारा आंध्र प्रदेश, ओडिशा अनि पश्चिम बंगालमा मूसलाधारे वर्षा हुन सक्ने संभावना रहेको छ। चेन्नई अनि तमिलनाडु का उत्तरी भागहरुमा यसद्वारा अधिक असर न पर्ने अनुमान पनि विभागले व्यक्त गरेको छ।

**जम्मू-कश्मीर वंदे भारत**

कटरा-श्रीनगर वंदे भारत एक्सप्रेस आगामी 29 अक्तूबरदेखि जम्मू-कश्मीर को रियासी स्टेशनमा रोकिनेछ। जम्मू संभाग का वरिष्ठ संभागीय वाणिज्यिक प्रबंधक उचित सिंघलले क्षेत्रीय संपर्क अनि पर्यटनलाई बढ़ावा दिनकालागि उत्तर रेलवेले दुइ मिनट को लागि ट्रेनलाई अतिरिक्त रोकिने घोषणा गर्नुभएको छ। वर्तमान मा यस 'सेमी-हाई स्पीड' ट्रेनलाई कटरा अनि श्रीनगर बीच एकमात्र स्टेशन बनिहाल मा रोकिन्छ।

****** ० ******